# स्थानीय राजपत्र


## गोकर्णेश्वर नगरपालिका, काठमाडौँद्वारा प्रकाशित

खण्डः ४) काठमाडौँ, फाल्गुण २० गते, २०७७ साल संख्याः १६


## भाग २

## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## वागमती प्रदेश, नेपाल ।

गोकर्णेश्वर नगर कार्यपालिकाको बैठकको निर्णयबाट स्वीकृत भएको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# गोकर्णेश्वर नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि , २०७७

मूल्य रु : १०/-

# गोकर्णेश्वर नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोषसञ्चालन कार्यविधि , २०७७

## प्रस्तावना :

नेपालको संविधानमा लैङ्गिक विभेदको अन्त्य गर्ने सङ्कल्प सहित महिलालाई लैंङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुनेलगायतका मौलिक हकको व्यवस्था गरिएको छ ।लैंङ्गिक हिंसामा परेका पीडित तथा प्रभावितहरूको तत्काल उद्दार, राहत तथा पुर्नस्थापना गर्नुपर्ने व्यवस्थाको कार्यान्वयनसमेतका लागि सङ्घ, वागमती प्रदेश सरकार, गोकर्णेश्वर नगरपालिका र विभिन्न दातृ-संस्थाहरूबाट प्राप्त रकमसमेतबाट कोष स्थापना गरी प्रभावकारी ढंङ्गबाट परिचालन गर्ने व्यवस्था मिलाउन वाञ्छनीय भएकोलेगोकर्णेश्वर नगरपालिकाको प्रशासकीय कार्य फर्छ्यौट ऐन, २०७५ को दफा ४ बमोजिम गोकर्णेश्वर नगरकार्यपालिकाको मिति २०७७।११।०६ गते बसेको बैठकबाट यो कार्यविधि बनाई जारी गरिएको छ ।

# परिच्छेद१
# प्रारम्भिक

**१ सक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम “**गोकर्णेश्वर नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७**”रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

**२.परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) **“आर्थिक प्रशासन शाखा”** भन्नाले गोकर्णेश्वर नगर कार्यपालिकाको कार्यालयको आर्थिक प्रशासन शाखालाई सम्झनुपर्छ ।

(ख) “**कार्यालय**” भन्नाले गोकर्णेश्वर नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(ग) **“कोष”** भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम स्थापना गरिएको **लैङ्गिक हिंसा निवारण कोष**लाई सम्झनुपर्छ ।

(घ) “**नगरपालिका**” भन्नाले गोकर्णेश्वर नगरपालिकालाई सम्झनुपर्छ ।

(ङ) “**नगर कार्यपालिका**” भन्नाले गोकर्णेश्वर नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(च) **“नगर प्रमुख”** भन्नाले गोकर्णेश्वर नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) **“नगर उप प्रमुख”** भन्नाले गोकर्णेश्वर नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) “**पीडित**” भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्तिलाई सम्झनु पर्दछ ।

(झ) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले गोकर्णेश्वर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ञ) “**लैङ्गिक हिंसा”**भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यहार र सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसालाई सम्झनुपर्छ ।

(ट) **“समाजकल्याण तथा सामाजिक समावेशी शाखा”** भन्नाले गोकर्णेश्वरनगर कार्यपालिकाको कार्यालयको समाजकल्याण तथा सामाजिक समावेशी शाखालाईसम्झनुपर्छ ।

(ठ) **“सामाजिक विकास समिति”** भन्नाले गोकर्णेश्वर नगरपालिकाको सामाजिक विकास समितिलाई सम्झनु पर्दछ ।

(ड) **“उद्दार तथा राहत समिति”** भन्नाले यस कार्यविधिको दफा ५बमोजिमको समितिलाई सम्झनुपर्छ।

## परिच्छेद २

## कोष स्थापना,उपयोग , सञ्चालन तथा व्यवस्थापन

३ **कोषको स्थापना** : (१) नगरपालिकामा एक**लैङ्गिक हिंसा निवारण कोष** रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहने छ :-

(क) नेपाल सरकारबाट प्राप्त रकम।

(ख) वागमती प्रदेश सरकारबाट प्राप्त रकम।

(ग) नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रममा कोषका लागि विनियोजन गरिएको रकम।

(घ) कुनै आयोजनाविशेष वा नेपाल सरकारको स्वीकृतिमा दातृ-निकायबाट उपलब्ध गराइएको रकम

(ङ) नेपाल सरकारको स्वीकृतिमा विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम

(च) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम ।

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३)उपदफा (१)वमोजिमको कोषमा रहने रकम नेपाल राष्ट्र बैकद्वारा मान्यता प्राप्त“क”वर्गको बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

**४. कोषको उपयोग** :

(१) कोषको रकम लैङ्गिक हिंसामा परेको पीडित व्यक्तिहरुको उद्दार, राहत र पुर्नस्थापना लगायतकादेहाय बमोजिमको काममा उपयोग गरिने छ ।

(क) तत्काल उद्दार गर्ने ।

(ख) औषधि उपचार गर्ने ।

(ग) राहत प्रदान गर्ने तथा आर्थिक सहयोग उपलब्ध गराउने।

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श सेवा प्रदान गर्ने ।

(ङ) हिंसा पीडित व्यक्तिलाई स्वरोजगारको लागि व्यवसाय संचालन गर्न अनुदान उपलब्ध गराउने

(छ) लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यहारको कसुरबाट पीडितले प्रचलित कानुन बमोजिम कसुरदार बाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसुरदारको सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने

देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपुर्ति बापत उपलव्ध गराउने ।

(ज) पीडितका लागि समितिले तोके बमोजिमका अन्य कार्यहरु ।

## ५. उद्दार तथा राहत समितिको गठन :

(१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने कामसमेतको लागि नगरपालिकामा देहाय बमोजिमको सदस्य सम्मिलित उद्दार तथा राहत समिति रहने छ ।

१. नगर उपप्रमुख -संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत -सदस्य

३. सामाजिक विकास समितिको संयोजक - सदस्य

४. लैंगिक हिंसा निवारणका क्षेत्रमा कार्यरत संस्थाहरुका प्रतिनिधिहरु मध्येबाट नगर प्रमुखले मनोनयन गरेको एक जना -सदस्य

.५.समाजकल्याण तथा सामाजिक समावेशी शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा १(४)बमोजिमको सदस्यको पदावधि २ वर्षको हुनेछ ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

**६. समितिको काम, कर्तव्य र अधिकार** :

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) पीडितको तत्काल उद्धार, राहत र पुर्नस्थापनाका लागि आर्थिक सहयोग उपलब्ध गराउनसिफारिस गर्ने ।

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको अनुगमन गर्ने गराउने ।

(ग) संघ र वागमती प्रदेश लगायत निकायसँग तत्काल उद्धार तथा राहतका लागि समन्वय गर्ने ।

(घ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत संघ, संस्था र निकाय बीचको समन्वय, सहयोग र सहकार्यमा
कार्यक्रम संचालन गर्न सिफारिस गर्ने ।

(ङ) कोष वृद्धिका लागि स्रोतको खोजी गर्ने ।

(च) लैङ्गिक हिंसानिवारण कोष संचालन सम्बन्धी अन्य कामगर्ने ।

**७. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार** :यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइने छ ।

**(क)** पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खानाखर्च वापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नुपर्ने भए सो वापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँच सयको दरले बढीमा पाँच हजार रुपैयाँ ।

**(ख)** पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ र अस्पतालमा बस्ने व्यबस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा छ हजार पाँच सय रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च । पीडितसँग आश्रित बालबच्चा भए बालबालिकाका लागि पनि सोही दरमा खाना खर्च उपलव्ध गराउन सकिनेछ ।

**(ग)** कानूनी सहायता मनोबैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार

रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च ।

**(घ)** कुनै व्यवसाय वा स्वरोजगारको लागि प्रस्ताव सहित माग भएमा व्यवसाय संचालन खर्च अनुदान (वस्तुगत वा नगद) बढीमा तीस हजाररुपैयाँ ।

**(ङ)** पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ ।

**(च)** समितिले तोकेबमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दस हजाररुपैयाँ सम्म ।

**(२)** उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिब आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा पुनः निवेदन दिएमा र सो व्यहोरा मनासिब देखिएमा समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नबढ्ने गरी मनासिब रकम थप गरि दिन सक्ने छ ।

**८ राहत तथा आर्थिक सहयोग प्राप्त गर्ने प्रकृया :**

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा निजको संरक्षक वा प्रतिनिधिले मनासिब कारण खुलाई अनुसूची- १ बमोजिमको ढाँचामा कार्यालयमानिवेदन दिनु पर्नेछ ।

(२) निवेदनजाँचबुझ गर्दा राहत तथा आर्थिक सहयोग दिनु पर्ने देखिएमा उद्दार तथा राहत समितिले दफा (६) र(७)को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनसिफारिस गर्नेछ।

(३) कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि जलाइएको, एसिड प्रयोग गरी वा छर्किई वा त्यस्तो पदार्थले पोलेको लगायतका गम्भीर प्रकृतिका घटनाका पीडितलाई तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा र तत्काल समितिको बैठक बस्ने अवस्था नरहेमा यस्ता पीडित व्यक्तिहरुलाई उद्धार गर्न, औषधि उपचार र पुर्नस्थापना गर्न वा राहत उपलब्ध गराउने लगायतको कामका लागि उद्दार तथा राहत समितिको संयोजकको निर्णयले आवश्यकता र औचित्यका आधारमा उक्त समितिबाट पछि अनुमोदन हुने गरी मनासिब रकम कोष बाट पीडितलाई उपलब्ध गराउन सिफारिस गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम उपलब्ध गराइने राहत वा सहयोगको रकमको सीमा

दफा (७) मा भएको व्यवस्थाको प्रतिकूल हुने छैन ।

# परिच्छेद ३

## कोषको सञ्चालन

## वित्तीय व्यवस्थापन

९. **कोषको खाता सञ्चालनः** (१) कोषको खाताप्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालनहुनेछ ।

१०. **लेखा तथा अभिलेख** :(१) कोषको आय व्ययको लेखा प्रचलित कानूनबमोजिम राखिने छ ।

**११. कोषको रकम अन्य प्रयोजनमा खर्च गर्ननपाईने** : (१) कोषको रकम दफा ४ मा लेखिए बमोजिमका कार्यहरुमा बाहेक अन्य कार्यमा उपयोग गर्न पाइने छैन ।

**१२. लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको पहिचान गर्ने आधारहरु :**

(१) लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको पहिचान गर्ने आधारहरु देहाय बमोजिम

रहेका छन् र उक्त आधारहरु मध्ये कम्तीमा एक वटा आधार पूरा भएको व्यक्ति मात्र लैङ्गिक हिंसामा परेको व्यक्ति मानिनेछ ।

(क) लैङ्गिक हिंसा भएको पुष्टि हुने प्रहरी प्रतिवेदन ।

(ख) स्वास्थ्य परिक्षण प्रतिवेदन ।

(ग) सम्वन्धित वडा कार्यालयको मुचुल्का ।

(घ) समितिको निर्णयले लैङ्गिक हिंसा भएको प्रमाणित हुने अन्य आधारहरु

**१३. प्रगति प्रतिवेदन** :समिति तथा कार्यालयबाट भए गरेका कामकारवाहीको बार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको मितिले एक महिना भित्र नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।साथै सो प्रतिवेदनसंघीय सरकार र वागमती प्रदेश सरकारका सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

# परिच्छेद ४

# विविध

१४. **<u>बाधा, अड्काउ फुकाउने</u>** : यो कार्यविधिको कार्यान्वयनका सिलसिलामा कुनै बाधा, अड्काउ परेमा नगरकार्यपालिकाले त्यस्तो बाधा, अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची १

(कार्यविधिको दफा ८(१) सगँ सम्वन्धित)

## विषय : सहयोग उपलब्ध गराई पाऊँ ।

श्रीसंयोजकज्यू,
उद्धार तथा राहत समिति,
गोकर्णेश्वर नगरपालिका,
जोरपाटी, काठमाडौं।

यस गोकर्णेश्वर नगरपालिकाको वडा नं......मा बस्ने बर्ष ........को म/मेरो..................नाता पर्ने ..........................मिति....................मा लैङ्गिक हिंसाबाट पीडित भएको हो/हुँ । मेरो/निजको आर्थिक अवस्था कमजोर रहेको छ । लैङ्गिक हिंसाको कारणले मेरो/निजको मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर रहेको हुनाले मलाई/निजलाई उद्धार/ औषधि उपचार/कानूनीसहायता एवंपरामर्श/मनोविमर्श/स्वरोजगार/पुर्नस्थापना/अन्य.... .......... कामको लागि सहयोगको आवश्यकता परेको हुँदा यस नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोषबाट

नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनुहुन यो निवेदन पेश गरेको छु ।

**निवेदकको :**

नाम, थर.......................

ठेगाना..........................

दस्तखत ..........................

मिति............................

नगर कार्यपालिका बाट पारित मितिः २०७७।११।६
प्रमाणीकरण मितिः २०७७।११।६

प्रकाशित मिति : २०७७।११।२०

आज्ञाले,
राम प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत